फोन नं.: ०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
**कलैया, बारा**

## सार्वजनिक, निजी साझेदारीमा कस्टम हायरिङ्ग सेन्टर स्थापना सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२।०७।२०)**

कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ तथा कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ अनुसार यस कार्यालयको आ.ब. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम **सार्वजनिक, निजी साझेदारी मोडेलमा कस्टम हायरिङ्ग सेन्टर स्थापना कार्यक्रम** बमोजिम यस बारा जिल्लामा कृषि यान्त्रीकरण प्रवर्द्धनको लागि कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्न ईच्छुक यस जिल्लाका स्थानीय तह वा कृषि सहकारी संस्था वा कृषि जन्य उद्योगले तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको २१ औ दिन अर्थात २०८२।०८।१० गते सम्म खामबन्दी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश हुने छैन। प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सूचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ। आवेदन फाराम यस कार्यालयको वेबसाईट http://bara.akc.gov.np यस सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**पेश गर्नुपर्ने विवरण तथा कागजातहरु**

१. अनुदान माँग गर्ने आवेदन फाराम (रु. १० को हुलाक टिकट टाँस गरेको)
२. कृषि उद्योगको हकमा दर्ता र नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर लीएको प्रमाण पत्रको प्रतिलिपी, आवेदन दिन अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा अख्तियारी पत्र। सहकारी संस्थाको हकमा संचालक समितिको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, लेखा परिक्षण तथा कर चुक्ता प्रमाणपत्रका प्रतिलिपीहरु।
३. कस्टम हायरिङ्ग सेन्टर छनौटका लागि कृषकहरुलाई पायक पर्ने ठाँउ, चारैतीर तारवार वा पक्की पर्खाल लगाएको, कार्यालय कोठा भएको, यन्त्र उपकरण राख्ने सेड भएको, यन्त्र उपकरणहरुको सहज आवागमन हुन सक्ने र विधुतको उपलब्धता भएको हुनुपर्नेछ।
४. कस्टम हायरिङ्ग सेन्टरको लागि जग्गा (कम्तीमा ५ कट्ठा) आफ्नै वा सो नभए १५ वर्ष भाडामा लिन सक्ने आधिकारिक भाडाका कागजपत्रहरु, जग्गधनीको लालपुर्जा र नक्साको प्रतिलिपीहरु।
५. कस्टम हायरिङ्ग सेन्टरको प्रस्ताव ( उद्देश्य औचित्य, जग्गाको क्षेत्रफल (कम्तीमा ५ कट्ठा), जग्गाको स्वामित्वको किसिम (आफनै/भाडामा), सेवा प्राप्त हुने क्षेत्रफल, लाभग्राही, आयोजनाको GPS Code सहितको सामान्य नक्सा तथा माँग गरेको कृषि औजार, यन्त्र, उपकरणहरुको प्राविधिक स्पेशिफिकेशन सहित कुल लागत अनुमानको सारांश विवरण )।
६. कस्टम हायरिङ्ग सेन्टरको लागि चाहिने उपकरणको लागत अनुमान आधिकारिक ईन्जियरबाट तयार गरिएको हुनुपर्नेछ। लागत अनुमानमा साझेदारी अंशको श्रोत खुलाउनुपर्ने।
७. स्थानीय तह वा कृषि जन्य उद्योगको हकमा अनुदान माँग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि।
८. कस्टम हायरिङ्ग सेन्टरको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा स्वीकृती दिईएको व्यहोरा खुलेको स्थानीय तहको सिफारिस।
९. कृषि ज्ञान केन्द्रले आवश्यक देखेमा स्थानीय तहबाट प्रस्तावित स्थलमा कृषि कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्नुको आवश्यक्ता र औचित्य खुलेको छुटै सिफारिस पत्र र अन्य पुष्टयाई माँग गर्न सक्ने छ।
१०. रित नपुगेका, म्याद नाघेका, झुठ्ठा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द हुनेछ
११. छोटो सुचिमा नपरेका/रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन।
१२. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए वमोजिम कायम हुनेछ।
१३. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयका निहित रहनेछ।

राजनारायण प्र. साह
निमित प्रमुख